# भानु जयन्ती समारोह

## प्रेस विज्ञप्ति

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क च्याप्टरले यही जुलाई २५ तारिख तदनुसार २०६७ श्रावण ९ गते आइतबारका दिन हिमालय याक रेष्टुराँ, ज्याक्सनहाइट, न्यूयोर्कमा १९७औं भानुजयन्ती समारोहको आयोजना गर्‍यो ।

च्याप्टरका महासचिव श्रीमती परिता राजभण्डारीद्वारा सञ्चालित उक्त कार्यक्रमका प्रमुख अतिथिका रुपमा रहनुभएका आदिकवि भानुभक्त आचार्यका बंशज तथा संयुक्त राष्ट्र संघका लागि नेपालका आवासीय स्थायी प्रतिनिधि महामहिम राजदूत श्री ज्ञानचन्द्र आचार्यले दीप प्रज्वलन तथा आदिकविको फोटोमा माल्यार्पण गरी समारोहको उद्घाटन गर्नुभएको थियो । नेपाली राष्ट्रिय गान गाएर शुरु गरिएको उक्त कार्यक्रममा च्याप्टरका अध्यक्ष श्रीमती ज्योति पौडेलले सहभागी सबैलाई स्वागत गर्नुभएको थियो । च्याप्टरका सल्लाहकार जगदीश उपाध्यायले आदिकवि भानुभक्तका विविध पक्षहरुमा प्रकाश पार्दै "भानु" को प्रकाश ब्रह्माण्डभरी फैलिए जस्तै नेपाल तथा भारतका विभिन्न भागहरु लगायत अफ्रिका, युरोप, अमेरिकामा समेत विविध कार्यक्रम आयोजना गरी नेपालीका जातीय आदिकवि भानुभक्तको कृतित्व, व्यक्तित्व तथा समग्र भाषिक योगदानको बारेमा चिन्तन, मनन तथा स्मरणका साथ भानु जयन्ती मनाइने गरेको व्यहोरा प्रकाश पार्नुभएको थियो । आदिकवि भानुभक्तको सरल र सहज कविहृदयका बारेमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले भन्नुभएको "कवि बोलोस् जसरी चराहरु बोल्छन्, न कि ओस्तादहरु कसरत गर्दछन् । हृदयले हृदयलाई बोलाओस् –कवितामा न कि आडम्बरलाई । सोझो सच्चा नङ्गा पहाडको महत्व होस् कवितामा जसबाट नालाहरु आफ से आफ भुलभुलाउँदै उठ्दछन् । म धेरैजसो यी कुराहरु भानुभक्तमा देख्दछु ..." भन्ने महत्वपूर्ण भनाइलाई राखेर तत्कालीन समयमा सुगौली सन्धिद्वारा खुम्चिएको नेपाली अस्मिता तथा आकांक्षामा रामायणको पद्यात्मक उल्थाका माध्यमबाट भक्तिरसयुक्त सरस र सरल मलमपट्टी गर्दै भावनात्मक सञ्जीवनीको सञ्चार गर्ने काम भानुभक्त आचार्यद्वारा भएको भन्दै बेलायतमा शेक्सपियर जन्मेको स्थानलाई साहित्यिक तीर्थस्थल बनाई संरक्षण र सम्बर्द्धनको नमूना प्रस्तुत भएको प्रत्यक्ष अनुभव गरेको तर नेपालमा भने आदिकविको जन्मथलोलाई संबर्द्धन गर्न नसकिएको यथार्थता व्यक्त गर्नुभएको थियो ।

नेपाल सङ्गीत–नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ हरिबहादुर थापाले सङ्गीत र साहित्यका बीच अन्योन्याश्रित सम्बन्ध रहेको चर्चा गर्दै आँफू स्वयं, सङ्गीत–नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति अम्बर गुरुङ्ग र प्रचण्ड मल्लका तर्फबाट अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क च्याप्टरलाई हार्दिक धन्यबाद दिनुभएको थियो भने समाजका नवनिर्वाचित केन्द्रीय पदाधिकारीलाई बधाइ तथा शुभकामना दिंदै समाजले नेपाल सङ्गीत–नाट्य प्रज्ञा प्रतिष्ठानलाई अमेरिकी सहयोग जुटाउन आबश्यक भूमिका खेल्ने अपेक्षा व्यक्त गर्नुभएको थियो । यसै गरी अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज न्यूजर्सी च्याप्टरका पूर्व अध्यक्ष तथा हाल निर्विरोध निर्वाचित उत्तर अमेरिकी क्षेत्रीय उपाध्यक्ष अनन्त रिसालले नेपाली भाषामा भानुको योगदानको चर्चा गर्दै भानुभक्तको लेखनी रमाएको शार्दुल विक्रीडित र अनुष्टुप छन्दमा कविता बाचन गर्नुभएको थियो । त्यस्तै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क च्याप्टरका पूर्व अध्यक्ष तथा हाल केन्द्रीय कार्यकारिणी समितिका निर्वाचित महासचिव श्रीमती गीता खत्रीले न्यूयोर्क च्याप्टर विश्वकै उदाहरण बन्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्दै आँफूलाई प्रदान गरिएका विभिन्न साहित्यिक पुरस्कारहरु व्यक्तिगत नभई अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका सहकर्मी सबैको सामूहिक उपलब्धि भएको चर्चा गर्नुभएको थियो । उक्त कार्यक्रममा प्राज्ञ हरी बहादुर थापा, उपाध्यक्ष अनन्त रिसाल र महासचिव गीता खत्रीलाई पुष्प गुच्छा प्रदान गरी बधाई दिइएको थियो।

च्याप्टरका सल्लाहकार डा. तारा निरौलाले नेपाली जनजिब्रोमा भिज्ने गरी बाल्मिकीय रामायणको पद्यात्मक अनुवादका माध्यमबाट भाषिक एकीकरणको महत्वपूर्ण काम भानुभक्त आचार्यद्वारा भएको चर्चा गर्नुभएको थियो । त्यस्तै आँफू मूलत निवन्धकार भए पनि अमेरिकाको अनुभव संगालेर तयार पारिएको कविता वाचन गर्दै नेपालबाट आउनुभएका वरिष्ठ साहित्यकार गोपिकृष्ण शर्माले बसाइसराइबाट नयाँ नयाँ अवसर प्राप्त हुने भन्दै नेपालीहरु जहाँ गए पनि आफ्नो भाषा र संस्कृतिलाई विर्सन नहुने  धारणा राख्नुभएको थियो ।

कार्यक्रमको दोश्रो चरणमा भानुभक्तको सम्भनामा विभिन्न कवि तथा कवयित्रीहरुले कविता तथा कथा बाचन गर्नुभएको थियो । यसै क्रममा बालकवि हिमांशु कुँवर, कवयित्री अञ्जनी रोक्का, अस्मिता रोक्काले कविता वाचन गर्नुभएको थियो । त्यस्तै अन्य कवि तथा कवयित्रीहरुमा राजेन्द्र श्रेष्ठ, सहदेव पौडेल, शान्ता घिमिरे, पत्रकार तथा कवि प्रदीप थापा, कन्हैया सिंह, कमला प्रसाई, रामचन्द्र थापा, विद्या बराल, विनोद रोक्का, नीलम कार्की "निहारिका", हरि शर्मा, डा. गोविन्द कोइराला, सीता खरेल, तीर्थ बराल तथा परिता राजभण्डारीले आ–आफ्ना कविता बाचन गर्नुभएको थियो । उक्त कार्यक्रममा स्मरणीय के रह्यो भने संसारकै कान्छी गायिकाका रुपमा गिनिज बुकमा नाम लेखाउन अग्रसर तीन वर्ष आठ महिनाकी नेपालकी छोरी अतिथी गौतम के.सी.ले निकालेको आफ्नो नौओटा गीतहरुको एल्बममा रहेका गीतहरुमध्ये "जस्तो बसायो उस्तै बस्छ मानिसको बानी, बानीभित्र बसेको हुन्छ सुखदुखको खानी ...." भन्ने बोलको गीतको शब्द रचना न्यूयोर्कका एटर्नी तथा कवि विनोद रोक्काको रहेको जानकारी दिनुभएको थियो ।

प्रमुख अतिथिको आसनबाट बोल्दै संयुक्त राष्ट्र संघका लागि नेपालका आवासीय स्थायी प्रतिनिधि महामहिम राजदूत श्री ज्ञानचन्द्र आचार्यले पृथ्वीनारायण शाहद्वारा नेपालको एकीकरण गर्दै सार्वभौमिक अखण्डताको रक्षा गर्ने काम भएको र भानुभक्त आचार्यद्वारा रामायण, बधुशिक्षा, प्रश्नोत्तरी, भक्तमाला आदिका माध्यमबाट नेपाली जनजिब्रोमा भिज्ने गरी भाषिक तथा आत्मिक एकीकरण गर्नुभएको चर्चा गर्नुभयो । उक्त अवसरमा तनहूँ जिल्लाको चुँदीबेसीमा भानुभक्तको संग्राहलयको निर्माण र संरक्षणतिर भएका केही कामहरुको बारेमा प्रकाश पार्दै आँफू भानुभक्तकै उत्तराधिकारी भएको सन्दर्भमा समेत अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्कले आयोजना गरेको कार्यक्रममा सहभागी हुन पाउँदा अत्यन्तै खुशी लागेको विचार व्यक्त गर्नुभएको थियो । यसै बीचमा हालै दिवंगत हुनुभएका बरिष्ठ साहित्यकार श्री कृष्णचन्द्र सिंह प्रधान प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्दै एक मिनेट मौन धारण गरिएको थियो भने कार्यक्रमको समापन गर्दै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, न्यूयोर्क च्याप्टरका सदस्य श्रीमती सीता खरेलले आयोजकका तर्फबाट सहभागी सबैलाई हार्दिक धन्यबाद दिनुभएको थियो ।

- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज
  न्यूयोर्क च्याप्टर